# विज्ञप्ती

आज मिति २०७९/०४/२३ गते करिब दिनको ३:१५ बजे नौमूले गाउँपालिका वडा नं. ७ का पूर्व वडा अध्यक्ष श्री मोतिलाल बस्नेतद्वारा मादक पदार्थ सेवन गरी अकस्मात कार्यालयमा आई सम्पूर्ण कर्मचारीहरु कार्यालयको काममा व्यस्त रहेको समयमा प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा प्रवेश गरी अभद्र, दुर्व्यहार तथा अपशब्द प्रयोग गरी हातपात समेत गर्न खोजिएकोले यस्ता कार्यको घोर भर्त्सना गर्दछौं । कार्यालय समयमा कामकाजमा व्यस्त रहको बेलामा हुने यस्ता कार्यले कार्यस्थलमा कर्मचारीहरुको जीउधनको समेत जोखिम हुनुका साथै कर्मचारीहरुको मनोबल कमजोर बनाउने यस्ता क्रियाकलापहरुमा संलग्न निज मोतिलाल बस्नेतबाट पटकपटक दोहोरी रहेकोले निजलाई आवश्यक कारबाही गरी कार्यस्थलमा काम गर्ने वातावरण निर्माण गर्न र यस्ता निच कार्यहरु पुनः दोहोरिन नदिन सम्पूर्ण पक्षहरुसँग जोडदार माग गर्दछौं । हाम्रो अनुरोधलाई कमजोर ठानी यस्ता क्रियाकलाप पुनः दोहोरिएमा यसबाट निस्कने परिणामको जिम्मेवार सम्बन्धित पक्ष हुने कुरा समेत यसै विज्ञप्तीमार्फत जानकारी गराउँदछौं ।

मितिः २०७९/०४/२३ गते ।

नौमूले गाउँपालिकाको कार्यालयमा कार्यरत
सम्पूर्ण कर्मचारीहरु